# निक्षेप तथा कर्जा सुरक्षण कोष  खरिद तथा आर्थिक प्रशासन (तेस्रो संशोधन) विनियमावली, २०८१

निक्षेप तथा कर्जा सुरक्षण कोष खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी विनियमहरूको नाम "निक्षेप तथा कर्जा सुरक्षण कोष खरिद तथा आर्थिक प्रशासन (तेस्रो संशोधन) विनियमावली, २०८१" रहेको छ।

(२) यो विनियमावली सञ्चालक समितिले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. <u>निक्षेप तथा कर्जा सुरक्षण कोष खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७३ को दफा ३ मा संशोधनः</u> निक्षेप तथा कर्जा सुरक्षण कोष खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७३ (यस पछि "मूल विनियमावली" भनिएको) को दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. <u>प्याकेजिङ्ग तथा समुह विभाजन गर्नु पर्नेः</u> (१) कोषले खरिद कार्यको प्याकेजिङ्ग गर्दा विनियम ७ को उपविनियम (२) को खण्ड (ग) बमोजिम खरिद गुरुयोजनामा उल्लिखित प्याकेज सङ्ख्याको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ।

(२) कोषले खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने गरी तयार गर्दा अलग अलग रुपमा सम्पन्न गर्न सकिने प्रकृतिको निर्माण कार्यका लागि अधिकतम प्रतिस्पर्धा हुने हदसम्म छुट्टाछुट्टै रुपमा बोलपत्र आह्वान गर्नु पर्नेछ।

(३) एक आपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नु पर्ने भएमा बाहेक प्रतिस्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी ठूला ठूला प्याकेज बनाई बोलपत्र आह्वान गर्नु हुँदैन।"

३. <u>मूल विनियमावलीको विनियम २७ मा संशोधनः</u> मूल विनियमावलीको विनियम २७ को,-

(१) उपविनियम (१) को खण्ड (ग) को शुरूमा "विगत दश वर्षमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ग) पछि देहायका खण्ड (ग१) र (ग२) थपिएका छनः-

"(ग१) दुई करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्मको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा चालीस प्रतिशत रकम बराबरको कम्तीमा एउटा काम,

(ग२) पाँच करोड रुपैयाँभन्दा बढीको खरिद कार्य भएमा लागत अनुमानको कम्तीमा साठी प्रतिशत रकम बराबरको एउटा काम,"

(३) उपविनियम (२) पछि देहायका उपविनियम (२क), (२ख) र (२ग) थपिएका छन्:-

"(२क) संयुक्त उपक्रम भएको बोलपत्रदाताले उपविनियम (१) को खण्ड (ग२) बमोजिम दुईवटा खरिद सम्झौताको अनुभव पेश गरेकोमा सो संयुक्त उपक्रमका साझेदारहरुले हासिल गरेको अलग अलग खरिद सम्झौताको अनुभवलाई गणना गर्न सकिनेछ।

(२ख) उपविनियम (१) को खण्ड (ग) बमोजिम विशेष अनुभव निर्धारण गर्दा पर्याप्त संख्यामा अनुभव प्राप्त स्वदेशी बोलपत्रदाता उपलब्ध हुन नसक्ने जटिल प्रकृतिको निमार्ण कार्यको हकमा सो खण्ड बमोजिमको अनुभवको अतिरिक्त त्यस्तो कार्यमा संयुक्त उपक्रम भएको बोलपत्रदाता भए प्रत्येक साझेदारले एकलौटी रुपमा वा व्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब-कन्ट्याक्टरको रुपमा प्रस्तावित खरिद सम्झौतासँग मेल खाने प्रकृति, जटिलता र निर्माण प्रविधिको न्यूनतम विशेष अनुभवको कम्तीमा दश प्रतिशत रकम बराबरको एउटा खरिद सम्झौता सफलतापूर्वक सम्पन्न गरेको विशेष अनुभव हुनु पर्ने गरी निर्धारण गर्न सकिनेछ।

(२ग) कोषले उपविनियम (१) बमोजिम योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधार तय भएको, प्रतिस्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानुनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको सुनिश्चित गर्नु पर्नेछ।"

(४) उपविनियम (३) को खण्ड (क) मा रहेका "तीन वर्षको" भन्ने शब्दहरूको सट्टा "दश वर्षको" भन्ने शब्दहरू रहेका छन्।

४. <u>मूल विनियमावलीमा ३२क., ३२ख., ३२ग., ३२घ., ३२ङ., ३२च., ३२छ. र ३२ज. थप:</u> मूल विनियमावलीको विनियम ३२ पछि देहायका विनियम ३२क., ३२ख., ३२ग., ३२घ., ३२ङ., ३२च., ३२छ. र ३२ज. थपिएका छन्:-

"३२क. <u>एकमुष्ट दर विधिबाट गरिने खरिदको कार्यविधि:</u> (१) कोषले कुनै योग्यता आवश्यक नपर्ने प्रकृतिको दुई करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नु पर्दा लागत अनुमान सार्वजनिक गरी राष्ट्रियस्तरको बोलपत्रको माध्यमद्वारा एकमुष्ट दर विधिको आधारमा प्रतिस्पर्धा गराई खरिद गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिम बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा कुल लागत अनुमानमा निश्चित प्रतिशत घटी वा बढी प्रतिशतमा काम गर्ने एकमुष्ट दर कबोल गरी बोलपत्र पेश गर्नु पर्नेछ।

(३) उपविनियम (१) बमोजिमको विधि बहुवर्षीय सम्झौता गर्नु पर्ने खरिद कारबाहीमा प्रयोग गर्न सकिने छैन।

३२ख. उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग विधि) गरिने खरिदको कार्यविधिः (१) कोषले हेभी इक्विपमेन्ट, सवारी साधन, औजार तथा कुनै मेशिनरी वा यस्तै अन्य यान्त्रिक मालसामानहरु त्यस्तो समानस्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेतालाई कम्तीमा सात दिनदेखि बढीमा पन्ध्र दिनसम्मको लिखित सूचना दिई प्रतिस्पर्धा गराई खरिद गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिम सूचना प्राप्त भएपछि त्यस्तो मालसामान बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी कोषमा निवेदन दर्ता गराउनु पर्नेछ।

तर यसरी निवेदन दर्ता गर्दा बोलपत्र जमानत आवश्यक पर्ने छैन।

(३) उपविनियम (२) बमोजिम दर्ता भएका उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले पेस गरेको स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) हेरी समान स्पेशिफिकेशन र गुणस्तर भएका उत्पादनको उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताबाट सूची तयार गर्नु पर्नेछ।

(४) उपविनियम (३) बमोजिमको सूचीको आधारमा खरिद गरिने मालसामानको परिमाण खोली उत्पादक वा अधिकृत बिक्रेताबाट तोकिएको मूल्य र सुविधामध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्नु पर्नेछ।

(५) उपविनियम (४) बमोजिमको प्रस्ताव प्राप्त भएपछि मूल्यमा पाइने छुट र सुविधामा हुने थप समेतको आधारमा यस नियमावली बमोजिम मूल्यांकन गरी न्यूनतम मूल्यांकित सारभूत प्रभावग्राही प्रस्तावदाताको छनौट गर्नु पर्नेछ।

(६) उपविनियम (५) बमोजिम छनौट भएको प्रस्तावदातासँग विनियम ९५ बमोजिम कार्यसम्पादन जमानत लिई खरिद सम्झौता गर्नु पर्नेछ।

(७) उपविनियम (१) बमोजिमको विधि बहुवर्षीय सम्झौता गर्नु पर्ने खरिद कारबाहीमा प्रयोग गर्न पाइने छैन।

३२ग. <u>सीमित बोलपत्र (लिमिटेड टेण्डरिङ्ग) विधिबाट गरिने खरिदको कार्यविधिः</u> (१) कोषले सीमित रूपमा उपलब्ध भएको वा हुने कुनै मालसामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा खरिद गर्नु परेमा त्यस्तो प्रकृतिको आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकहरु तीन वा सो भन्दा कम संख्यामा उपलब्ध भएको अवस्था यकिन गरी त्यस्ता आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबिच मात्र प्रतिस्पर्धा हुने गरी पन्ध्र दिनको बोलपत्र आह्वानको सूचनाको माध्यमद्वारा बोलपत्र वा प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिमको विधि बहुवर्षीय सम्झौता गर्नु पर्ने खरिद कारबाहीमा प्रयोग गर्न सकिने छैन।

(३) कोषले सीमित बोलपत्र विधिको माध्यमबाट खरिद गर्नु पर्दा एक तहमाथिको अधिकारीको पूर्वस्वीकृति लिनु पर्नेछ।

३२घ. <u>नयाँ लिने पुरानो दिने (बाई ब्याक मेथड) विधिबाट गरिने खरिदको कार्यविधिः</u> (१) कोषले आफ्नो स्वामित्वमा रहेको कुनै सवारी साधन, औजार, मेशिनरी उपकरण, यन्त्र वा यस्तै प्रकृतिका अन्य मालसामानहरुको उत्पादक कम्पनीले तोकेको वारेण्टी वा ग्यारेन्टीको समयसीमा अवधि पूरा भएपछि मर्मत सम्भार गरी सञ्चालनमा ल्याउँदा लागत प्रभावकारी नहुने र त्यस्तो उत्पादक कम्पनीले तोकेको मापदण्ड अनुरुपको परिणाम नदिने वा पुनः प्रयोग गर्न नमिल्ने वा औचित्यहीन हुने र त्यस्ता मालसामान जनस्वास्थ्य वा वातावरणीय दृष्टिले भण्डारण गरी राख्न वा लिलाम गर्न समेत उपयुक्त नहुने अवस्था भएमा त्यस्तो अवस्थाको यकिन गरी पुरानो मालसामान सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेता वा आपूर्तिकर्तालाई फिर्ता दिई सोही प्रकृतिको नयाँ मालसामान सोही उत्पादक वा आधिकारिक बिक्रेता वा आपूर्तिकर्ताबाट सट्टापट्टा गरी लिन सक्नेछ।

(२) उपविनियम (१) बमोजिम सट्टापट्टा गर्दा त्यस्तो मालसामानको उत्पादक वा आधिकारिक बिक्रेता वा आपूर्तिकर्तासँग पुरानो मालसामानको मूल्यांकन प्रस्ताव लिई नयाँ मालसामानको निर्धारित बिक्रि मूल्यमा पुरानो मालसामानको मूल्यांकित रकम कट्टा गरी खरिद सम्झौता गरी खरिद गर्नु पर्नेछ।

(३) यस विनियम बमोजिम खरिद गरिने नयाँ मालसामान मान्यता प्राप्त संस्थाबाट गुणस्तर प्रमाणित भएको हुनु पर्नेछ।

(४) उपविनियम (२) बमोजिम खरिद सम्झौता गर्दा खरिद हुने नयाँ मालसामानको जीवन चक्र पश्चात् यो विधि प्रयोग गरी पुनः सट्टापट्टा गर्न सकिने वा नसकिने कुरा खुलाउनु पर्नेछ।

(५) कोषले उपविनियम (१) बमोजिम खरिद गर्दा पुरानो मालसामान र बजारमा उपलब्ध नयाँ मालसामानको सूची तयार गरी प्रमुख कार्यकारी अधिकृतको स्वीकृति लिएर मात्र खरिद गर्नु पर्नेछ।

(६) उपविनियम (१) बमोजिमको विधि बहुवर्षीय सम्झौता गर्नु पर्ने खरिद कारबाहीमा प्रयोग गर्न सकिने छैन।

३२ङ. स्वदेशी बोलपत्रदाताबिच मात्र प्रतिस्पर्धा गराई खरिद गरिने: खरिद ऐनको दफा ११ को उपदफा (२) बमोजिम एक चरणको खुला बोलपत्र आह्वान गर्दा दुई करोड रुपैयाँभन्दा बढी र पाँच अर्ब रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यको खरिद ऐनको दफा १५ को अवस्थामा बाहेक राष्ट्रियस्तरको खुला बोलपत्रको माध्यमद्वारा स्वदेशी बोलपत्रदाताहरुबिच मात्र प्रतिस्पर्धा गराई खरिद गर्नु पर्नेछ।

३२च. स्वदेशी बोलपत्रदातालाई प्राथमिकता दिने: (१) अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा एकल रुपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनीलाई तथा स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्सा कम्तीमा पच्चीस प्रतिशत हुने गरी संयुक्त उपक्रम गरी विदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएकोमा त्यसरी संयुक्त उपक्रममा सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता (डोमेस्टिक प्रिफरेन्स) दिनु पर्नेछ।

(२) उपविनियम (१) बमोजिम प्राथमिकता दिँदा सबैभन्दा कम कबुल गर्ने बिदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोल अंक रकमको पाँच प्रतिशतसम्म बढी बोल अंक भएको स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ।

(३) उपविनियम (१) बमोजिम स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रममा बिदेशी फर्म, संस्था वा कम्पनी सहभागी भएकोमा त्यसरी संयुक्त उपक्रममा सहभागी हुने फर्म, संस्था वा कम्पनीलाई स्वदेशी फर्म, संस्था वा कम्पनीको हिस्साको अनुपातमा उपविनियम (२) बमोजिम प्राथमिकता दिन सकिनेछ।

(४) उपविनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश अर्ब रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य सम्बन्धी अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा

सहभागी हुन चाहने बिदेशी फर्म, संस्था वा कम्पनीले स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी हुनु पर्नेछ।

३२छ. <u>निर्माण कार्यको आर्थिक प्रस्ताव माग गरी खरिद गर्ने कार्यविधि:</u> (१) खरिद ऐनको दफा ५९ को उपदफा (७) बमोजिम खरिद सम्झौता अन्त्य भई सोही दफाको उपदफा (९) बमोजिम त्यस्तो निर्माण कार्य खरिद गर्नु पर्दा खरिद ऐनको दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरुलाई पन्ध्र दिनको म्याद दिई आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिनेछ।

(२) उपविनियम (१) बमोजिमको म्याद दिई खरिद गर्नु पर्दा सिलबन्दी आर्थिक प्रस्ताव मात्र पेश गर्नु पर्ने व्यहोरा खुलाउनु पर्नेछ।

(३) उपविनियम (१) बमोजिम खरिद गर्ने प्रयोजनको लागि बोलपत्र सम्बन्धी कागजात तयार गर्दा खरिद सम्झौता अन्त्य हुँदाको समयसम्म डिजाइन वा लागत अनुमान अनुरुप सम्पन्न भइसकेको कार्यहरु कट्टा गरी बाँकी कामको लागि आवश्यकता अनुसारको डिजाइन वा लागत अनुमान परिमार्जन गराई विनियम ५क. बमोजिम स्वीकृत भएको हुनु पर्नेछ।

(४) उपविनियम (१) बमोजिमको आर्थिक प्रस्ताव विनियम ७९ बमोजिमको प्रकृयाबाट खोली खरिद ऐनको दफा २५ र विनियम ६१, ६४ र ६५ बमोजिमको मूल्यांकनबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ।

३२ज. <u>दुई खाम विधिबाट गरिने खरिदको कार्यविधि:</u> (१) बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा दुई करोड रुपैयाँभन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी पेश गर्नु पर्नेछ।

(२) उपविनियम (१) को प्रयोजनका लागि प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो स्पष्ट रुपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै बाहिरी खाममा सिलबन्दी गरी बोलपत्र पेश गर्नु पर्ने व्यहोरा, बोलपत्र आह्वानको सूचनाको विवरण र बोलपत्रसाथ संलग्न कागातको विवरण खुलाउनु पर्नेछ।

(३) उपविनियम (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि विनियम २६, २७, २९ र ३० बमोजिमको प्राविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्नेछ।

(४) उपविनियम (३) बमोजिमको प्राविधिक प्रस्ताव खरिद ऐनको दफा ३२ बमोजिमको प्रक्रियाबाट खोली खरिद ऐनको दफा २३ र विनियम ५९, ६०, ६२ र ६३ बमोजिम परीक्षण गरी सारभूत रुपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्नेछ।

(५) उपविनियम (४) बमोजिमका योग्यताको सबै आधारहरु सफल हुने बोलपत्र सारभूत रुपमा प्रभावग्राही बोलपत्र मानिनेछ र त्यस्तो सफल सबै बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना गर्नु पर्नेछ।

(६) उपविनियम (४) बमोजिम प्राविधिक प्रस्तावको मूल्याकंन गर्दा योग्यताको आधारमा असफल हुने सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ।

तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता हुने छैन।

(७) उपविनियम (४) बमोजिमको सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको विनियम ७९ बमोजिमको प्रक्रियाबाट आर्थिक प्रस्ताव खोली खरिद ऐनको दफा २५ र विनिनियम ६१, ६४ र ६५ बमोजिम आर्थिक तथा विशेष मूल्याकंन गरी न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको छनौट गर्नु पर्नेछ।"

५. <u>मूल विनियमावलीको विनियम ३५ मा संशोधन</u>: मूल विनियमावलीको विनियम ३५ को सट्टा देहायको विनियम ३५ राखिएको छः-

"३५. <u>पूर्व योग्यताको कागजात उपलब्ध गराउनु पर्ने</u>: कोषले पूर्व योग्यता सम्बन्धी कागजात तयार गर्न लागेको देहायको खर्चको आधारमा इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिमको दस्तुर लिई पूर्व योग्यता सम्बन्धी कागजात उपलब्ध गराउनु पर्नेछः-

(क) दुई करोड रुपैयाँभन्दा माथि दश करोड रुपैयाँसम्मको लागि पाँच हजार रुपैयाँ,

(ख) दश करोड रुपैयाँ भन्दा माथि पच्चीस करोड रुपैयाँसम्मको लागि दश हजार रुपैयाँ,

(ग) पच्चीस करोड रुपैयाँभन्दा माथि जतिसुकै रकमका लागि पन्ध्र हजार रुपैयाँ।"

६. मूल विनियमावलीको विनियम ३६ मा संशोधन: मूल विनियमावलीको विनियम ३६ को उपविनियम (१) पछि देहायको उपविनियम (१क) थपिएको छः-

"(१क) उपविनियम (१) बमोजिम योग्यताका सबै आधार पूरा गर्ने पूर्वयोग्यताका आवेदक छनौट गर्दा कम्तीमा तीनवटा योग्य आवेदक छनौट हुन नसकेमा कोषले पूर्व निर्धारित पूर्वयोग्यताको आधार पुनरावलोकन गरी पुनः सूचना प्रकाशन गरी योग्य आवेदक छनौट गर्नु पर्नेछ।"

७. मूल विनियमावलीको विनियम ४० मा संशोधन: मूल विनियमावलीको विनियम ४० को उपविनियम (३) को सट्टा देहायको उपविनियम (३) राखिएको छः-

"(३) विदेशी बोलपत्रदाताले उपविनियम (१) मा उल्लिखित कुरा स्पष्ट रुपमा नखुलाएमा वा स्थानीय एजेन्ट नभएको भनी बोलपत्र पेश गरेकोमा पछि एजेन्ट भएको प्रमाणित भएमा वा एजेन्टलाई दिने कमिशन कम उल्लेख गरेकोमा पछि एजेण्टले बढी कमिशन लिएको प्रमाणित भएमा त्यस्तो बोलपत्रदातालाई कोषले विनियम १२५ बमोजिम कालो सूचीमा राखे कारबाही गर्नु पर्नेछ।"

८. मूल विनियमावलीको विनियम ४८ मा संशोधन: मूल विनियमावलीको विनियम ४८ मा रहेका "कोषको अधिकार प्राप्त अधिकारीले" भन्ने शब्दहरूको सट्टा "विनियम १४ बमोजिमको अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

९. मूल विनियमावलीको विनियम ४९ मा संशोधन: मूल विनियमावलीको विनियम ४९ को सट्टा देहायको विनियम ४९ राखिएको छः-

"४९ बोलपत्र सम्बन्धी कागजातको दस्तुर: बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कोषको केन्द्रीय कार्यालय वा सम्बन्धित विभाग वा कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र सम्बन्धी कागजात सो निकाय वा सो निकायले तोकेको स्थानबाट देहाय बमोजिमको दस्तुर तिरी लिनु पर्नेछः-

(क) बीस लाख रुपैयाँभन्दा माथि दुई करोड रुपैयाँसम्मको लागि तीन हजार रुपैयाँ,

(ख) दुई करोड रुपैयाँभन्दा माथि दश करोड रुपैयाँ सम्मको लागि पाँच हजार रुपैयाँ,

(ग) दश करोड रुपैयाँ भन्दा माथि पच्चीस करोड रुपैयाँसम्मको लागि दश हजार रुपैयाँ,

(घ) पच्चीस करोड रुपैयाँ भन्दा माथि जतिसुकै रकमको लागि बीस हजार रुपैयाँ।"

१०. मूल विनियमावलीको विनियम ५० मा संशोधन: मूल विनियमावलीको विनियम ५० को सट्टा देहायको विनियम ५० राखिएको छः-

"५०. लागत अनुमान खुलाउनु पर्ने: दुई करोड रुपैयाँसम्मको लागत अनुमान भएको निमार्ण कार्यको बोलपत्र आव्हानको सूचनामा लागत अनुमान रकम खुलाउनु पर्नेछ।"

११. मूल विनियमावलीमा विनियम ५०क. थप: मूल विनियमावलीको विनियम ५० पछि देहायको विनियम ५०क. थपिएको छ:-

"५०क. बोलपत्र आह्वानको सूचनामा खुलाउनु पर्ने कुरा: खरिद ऐनको दफा १४ मा उल्लिखित कुराका अतिरिक्त कोषले बोलपत्र आह्वानको सूचनामा देहाय बमोजिमका थप कुरा खुलाउनु पर्नेछ:-

(क) राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको बोलपत्रको जानकारी,

(ख) पूर्वयोग्यता, योग्यता सहित वा योग्यता रहित बोलपत्रको जानकारी,

(ग) बोलपत्र आह्वान गरिएको खरिद विधिको जानकारी,

(घ) विद्युतीय बोलपत्र दाखिला गर्ने तरिकाको जानकारी,

(ङ) विनियम ३२क. को उपविनियम (१) बमोजिम लागत अनुमानको रकम,

(च) विनियम ३२ग. बमोजिमको सीमित बोलपत्र भए त्यस्तो सीमित बोलपत्रदातालाई दिनु पर्ने सूचना,

(छ) खरिद ऐनको दफा १४ को उपदफा (८) बमोजिमको बोलपत्र भए स्वदेशी बोलपत्रदाताले मात्र भाग लिन पाउने कुरा,

(ज) खरिद ऐनको दफा १४ को उपदफा (११) बमोजिमको बोलपत्र भए स्वदेशी निर्माण व्यवसायीसँगको संयुक्त उपक्रमले प्राथमिकता पाउने कुरा,

(झ) खरिद ऐन बमोजिम कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफैं वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न नसक्ने कुरा,

(ञ) कोषले आवश्यक ठानेका अन्य कुरा।"

१२. मूल विनियमावलीको विनियम ५३ मा संशोधन: मूल विनियमावलीको विनियम ५३ को उपविनियम (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:-

"तर लागत अनुमान रकम नखुल्ने वा इकाई दर मात्र खुल्ने गरी बोलपत्र आह्वान गरिएको अवस्थामा कोषले बोलपत्र सम्बन्धी कागजात वा पूर्वयोग्यता सम्बन्धी कागजात र बोलपत्र आह्वानको सूचनामा बोलपत्र जमानतको लागि एकमुष्ट रकम तोक्न सक्नेछ।"

१३. मूल विनियमावलीको विनियम ५४ मा संशोधन: मूल विनियमावलीको विनियम ५४ को खण्ड (क) मा रहेका "साठी दिन" भन्ने शब्दहरूको सट्टा "नब्बे दिन" र खण्ड (ख) मा रहेका "नब्बे दिन" भन्ने शब्दहरूको सट्टा "एकसय बीस दिन" भन्ने शब्दहरू राखिएका छन्।

१४. मूल विनियमावलीको विनियम ५५ मा संशोधनः मूल विनियमावलीको विनियम ५५ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर माग गरिए बमोजिमको बोलपत्र वा प्रस्तावको प्रति पेश नगरेको कारणबाट कुनै बोलपत्रदाता वा प्रस्तावदातालाई प्रतिस्पर्धाबाट बञ्चित गराउन पाइने छैन।"

१५. मूल विनियमावलीको विनियम ६५ मा संशोधनः मूल विनियमावलीको विनियम ६५ को सट्टा देहायको विनियम ६५ राखिएको छः-

"६५. निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कनः (१) निर्माण कार्यको बोलपत्र मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले विनियम ६२, ६३ र ६४ मा उल्लिखित कुराको अतिरिक्त देहायका कुराको मूल्याङ्कन गर्नु पर्नेछः-

(क) निर्माण कार्यको कार्य योजना, कार्यसम्पादन तालिका र परिचालन समय बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम भए वा नभएको,

(ख) बोलपत्रदाताले बिल अफ क्वान्टिटीमा संलग्न आइटमको लागि उल्लेख गरेको प्रति एकाइ दर विश्वसनीय भए वा नभएको,

(ग) कबोल अङ्क देहायको कारणले असन्तुलित भए वा नभएकोः-

(१) खरिद सम्झौताको प्रारम्भिक चरणमा गर्नु पर्ने कामको आइटमको लागि बोलपत्रदाताले अस्वाभाविक उच्च दर उल्लेख गरेकोले, वा

(२) बोलपत्रदाताले बिल अफ क्वान्टिटीको कुनै आइटममा न्यून अनुमान भएको भनी विश्वास गरेको आइटमको लागि निजले अस्वाभाविक उच्च दर उल्लेख गरेकोले।

(घ) बोलपत्रदाताले पेश गरेको खरिद ऐनको दफा १३ को उपदफा (२) को खण्ड (ढ३) बमोजिमको विवरण अनुरूप सो निर्माण कार्य सम्पन्न गर्न सक्ने निजको प्राविधिक क्षमता भए वा नभएको।

(२) उपविनियम (१) को खण्ड (ग) बमोजिमको अवस्थामा वा बोलपत्रदाताले सन्तोषजनक रुपमा काम सम्पन्न गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेशन गलत रुपमा बुझी वा नबुझी अस्वाभाविक न्यून कबोल अङ्क उल्लेख गरेको वा प्रारम्भिक चरणमा गरिने निर्माण कार्यको लागि बढी दरले उल्लेख गरेको (फ्रन्ट लोडिङ्ग) छ छैन भन्ने कुरा मूल्याङ्कन समितिले जाँच गर्नु पर्नेछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको वा उपविनियम (१) को खण्ड (ग) बमोजिमको अवस्थामा मूल्याङ्कन समितिले त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(३) मूल्याङ्कन समितिले उपविनियम (२) बमोजिम मागेको स्पष्टीकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप

कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र त्यस्तो स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न कोषलाई सिफारिस गर्न सक्नेछ।

(४) उपविनियम (३) बमोजिम लिइएको थप कार्यसम्पादन जमानत अन्तिम बिल भुक्तानी भएपछि फिर्ता गर्नु पर्नेछ ।

(५) मूल्याङ्कन समितिले खरिद ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम कोषमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमतालाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यको लागि गणना हुने छैन।

(६) उपविनियम (५) को प्रयोजनको लागि कुनै सार्वजनिक निकाय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता मध्ये त्यस्तो निकाय वा आयोजनालाई आवश्यक पर्ने हदसम्मको विवरण लिई बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात पेश गर्नु पर्नेछ।

(७) बोलपत्रदाताले आफूले गरेको अधिकतम कारोबार भएका कुनै तीन आर्थिक वर्षको निर्माण कार्यको वार्षिक कारोबार रकमको औसत वार्षिक कारोबार (टर्न ओभर) रकमको बढीमा पाँच गुणाले हुन आउने रकमसम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मूल्याङ्कनको आधारको रुपमा लिनु पर्नेछ। यसरी तीन आर्थिक वर्षको वार्षिक कारोबार गणना गर्दा तत्काल अघिको दश आर्थिक वर्षभित्रबाट गणना गर्नु पर्नेछ।

(८) उपविनियम (७) बमोजिम वार्षिक कारोबार रकमको पाँच गुणाले हुन आउने रकम गणना गर्दा बोलपत्रदाताको चालु ठेक्काको लागि वार्षिक दायित्व रकम घटाएर मात्र यकिन गर्नु पर्नेछ।

(९) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपविनियम प्रारम्भ भएपछि एकल वा संयुक्त उपक्रमको रूपमा पाँच वटा खरिद सम्झौता गरी सो सम्झौता बमोजिमको कार्य सम्पन्न गर्न बाँकी रहेका निर्माण व्यवसायीले यो उपविनियम प्रारम्भ भएपछि निर्माण कार्यको लागि आह्वान हुने खुला बोलपत्र प्रक्रियामा एकल वा संयुक्त उपक्रमको रुपमा भाग लिन पाउने छैन।

(१०) उपविनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको निर्माण कार्य सो उपविनियमको प्रयोजनको लागि गणना गरिने छैनः-

(क) यो उपविनियम प्रारम्भ हुनु अघि बोलपत्र आह्वान भएको वा खरिद सम्झौता भएको,

(ख) यो उपविनियम प्रारम्भ भएपछि बोलपत्र आह्वान भई खरिद सम्झौता भएकोमा विनियम १०९ बमोजिमको कार्य सम्पन्न प्रतिवेदन पेश भई स्वीकृत भएको, वा,

(ग) सबै प्रकारका वैदेशिक सहायतामा सञ्चालन हुने गरी बोलपत्र आह्वान भएको वा खरिद सम्झौता भएको।

(११) यो उपविनियम प्रारम्भ भए पछि आह्वान भएको बोलपत्र प्रकृयामा भाग लिँदा निर्माण व्यवसायीले पाँच वटाभन्दा बढी खरिद सम्झौता नभएको स्वघोषणा गर्नु पर्नेछ र त्यसरी स्वघोषणा गरिएको विषयलाई कोषले बोलपत्र मूल्याङ्कन गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले राखेको अभिलेखसँग भिडाउनु पर्नेछ।

(१२) उपविनियम (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा बढीमा पच्चीस प्रतिशत सम्मको साझेदारीमा संयुक्त उपक्रममा सहभागी हुने निर्माण व्यवसायीले एकल वा संयुक्त उपक्रमको रुपमा अन्तर्राष्ट्रियस्तरको पाँच वटाभन्दा बढी बोलपत्रको प्रकृयामा समेत भाग लिई सम्झौता गर्न सक्नेछ।

तर त्यस्तो निर्माण व्यवसायीले यो उपविनियम प्रारम्भ भएपछि आह्वान हुने एकै प्रकृतिको कामको लागि अन्तर्राष्ट्रियस्तरको तीनवटा वा साथ जाहवान बोलपत्रको प्रकृयामा भाग लिई खरिद सम्झौता गरेको भएमा सो समेत पाँच वटाभन्दा बढी बोलपत्रको प्रकृयामा भाग लिन सक्ने छैन।

(१३) यस विनियमको प्रयोजनको लागि बोलपत्रदाताले आर्थिक तथा प्राविधिक क्षमता, आफूसँग चालू अवस्थामा रहेको खरिद सम्झौताको सङ्ख्या, बोलपत्र सम्बन्धी अन्य विवरण तथा कागजात सम्बन्धमा स्वयं घोषणा गरी बोलपत्र सम्बन्धी कागजातसाथ विवरण पेश गर्नु पर्नेछ । यसरी पेश भएको विवरण झुटा ठहरिएमा निजले पेश गरेको बोलपत्रलाई मूल्याङ्कन प्रकृयाबाट हटाई खरिद ऐनको दफा ६३ बमोजिम कालोसूचीमा राख्न लेखी पठाउनु पर्नेछ र प्रचलित कानून बमोजिम कुनै कारबाही हुनेमा त्यस्तो कारबाही समेत गरिनेछ।

(१४) उपविनियम (९) बमोजिम बोलपत्रदाताले आर्थिक क्षमता सम्बन्धमा स्वयं घोषणा गरी कागजात् तथा विवरण पेश गर्दा निजको आर्थिक क्षमतासँग सम्बन्धित नगद प्रवाहको व्यवस्था गर्न सक्ने तरल सम्पत्ति र अन्य वित्तीय स्रोत समेत खुलाउनु पर्नेछ।

(१५) उपविनियम (९) को अधीनमा रही कुनै बोलपत्रदाताले बोलपत्र पेश गर्दा पाँच वटा भन्दा बढी बोलपत्र पेश गरेमा त्यसरी पेश भएका बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरिएका शुरूका पाँच वटा बोलपत्रमा सम्झौता गर्नु पर्नेछ र सो भन्दा पछिका अन्य सबै बोलपत्र स्वतः मूल्याङ्कनको प्रक्रियाबाट हटेको मानिनेछन्। यस उपविनियमको प्रयोजनको लागि बोलपत्रको क्रम निर्धारण गर्दा बोलपत्र स्वीकृत भएको मितिको आधारमा निर्धारण गर्नु पर्नेछ।

(१६) उपविनियम (५) बमोजिम खरिद सम्झौता गरेका निर्माण व्यवसायीले अन्य सार्वजनिक निकायमा बोलपत्र दाखिला गरेको भए पाँचौं बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र कोषलाई लिखित रूपमा जानकारी गराउनु पर्नेछ।

(१७) उपविनियम (१६) बमोजिम जानकारी प्राप्त भएको अवस्थामा कोषले त्यस्तो बोलपत्रदातालाई बोलपत्रको मूल्याङ्कन प्रक्रियाबाट हटाउनु पर्नेछ। यसरी मूल्याङ्कन प्रक्रियाबाट हटाइएका बोलपत्रदाताबाट पेश भएको बोलपत्र जमानत जफत गरिने छैन।

(१८) उपविनियम (१७) बमोजिम कोषलाई जानकारी नगराएमा वा जानकारी गराउनु पर्ने अवधि व्यतीत भएपछि कोषले अन्य कुनै माध्यमबाट जानकारी प्राप्त गरेमा कोषले त्यस्तो

बोलपत्रदाताको बोलपत्र जमानत जफत गरी निजलाई विनियम १२५ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(१९) यस विनियमको प्रयोजनको लागि बोलपत्रदाताको पछिल्लो आर्थिक वर्षको वासलातमा खुद दायित्वभन्दा सम्पत्ति बढी भएको हुनु पर्नेछ।

(२०) उपविनियम (५), (६), (७), (८), (१३), (१४) र (१९) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो विनियम प्रारम्भ हुनुअघि मूल्याङ्कन प्रक्रियामा रहेका बोलपत्रको हकमा यो नियम प्रारम्भ हुनुअघि कायम रहेको व्यवस्था बमोजिम हुनेछ।"

१६. मूल विनियमावलीको विनियम ७० मा संशोधनः मूल विनियमावलीको विनियम ७० को,-

(१) उपविनियम (२) मा रहेका "दश करोड रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "पन्ध्र करोड रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपविनियम (२) पछि देहायको उपविनियम (२क) थपिएको छः-

"(२क) खरिद ऐनको दफा १५ को अवस्थामा बाहेक बीसलाख रुपैयाँभन्दा बढी पन्ध्र करोड रुपैयाँसम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नु परेमा राष्ट्रियस्तरको आशयपत्र दाताबीच मात्र प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नु पर्नेछ।"

(३) उपविनियम (१०) पछि देहायका उपविनियम (११) र (१२) थपिएका छनः-

"(११) उपविनियम (५) बमोजिम क्षमताको मूल्यांकन गर्दा परामर्श सेवाको कूल लागत अनुमानको एक सय पचास प्रतिशतमा नबढ्ने गरी हुने कारोबार रकम (टर्न ओभर) को आधार लिनु पर्नेछ।

(१२) उपविनियम (५) बमोजिम आशयपत्रदाताको छनौट गर्दा आशयपत्र खोलेको मितिले पैंतीस दिनभित्र कार्य सम्पन्न हुने गरी छनौट गर्ने पर्नेछ।"

१७. मूल विनियमावलीको विनियम ७१ मा संशोधनः मूल विनियमावलीको विनियम ७१ को उपविनियम (१) को सट्टा देहायको उप विनियम (१) राखिएको छः-

"(१) विनियम ७० बमोजिम संक्षिप्त सूची तयार भएपछि कोषले सो सूचीमा परेका आशयपत्रदातालाई प्रस्ताव सम्बन्धी कागजात, हुलाक, कुरियर वा व्यक्ति वा विद्युतीय सञ्चार माध्यम मार्फत पठाई बीस लाख रुपैयाँसम्म लागत अनुमान भएका खरिदका लागि कम्तीमा पन्ध्र दिन र सो भन्दा बढी लागत अनुमान भएको खरिदका लागि कम्तीमा तीस दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गर्नु पर्नेछ र त्यसरी पठाइने प्रस्ताव सम्बन्धी कागजातको कुनै शुल्क लाग्ने छैन।"

१८. मूल विनियमावलीको विनियम ७२ मा संशोधनः मूल विनियमावलीको उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छः-

"(१) कोषले बीस लाख रुपैयाँ भन्दा कम रकमको परामर्श सेवा आफ्नो कार्यालयमा तयार गरिएको मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्नेछ।"

१९. मूल विनियमावलीको विनियम ७६ मा संशोधन: मूल विनियमावलीको विनियम ७६ को उपविनियम (१) पछि देहायको उपविनियम (१क) थपिएको छ:-

"(१क) मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नको लागि सहयोग पुऱ्याउन सम्बन्धित विज्ञ सहितको तीन सदस्यीय उपसमिति गठन गर्न सक्नेछ।"

२०. मूल विनियमावलीको विनियम ७८ मा संशोधन: मूल विनियमावलीको विनियम ७८ को उपविनियम (३) पछि देहायको उपविनियम (४) थपिएको छ:-

"(४) यस विनियमावली बमोजिम प्रस्तावदाता छनोट गर्दा कुनै प्रस्तावदाताले आफूले प्राप्त गरेको अङ्क र छनौटमा पर्न नसकेको कारण कोषसँग माग गरेमा पाँच दिनभित्र निजले प्राप्त गरेको अङ्क र छनौट हुन नसकेको कारण प्रस्तावदातालाई दिनु पर्नेछ।"

२१. मूल विनियमावलीको विनियम ८१ मा संशोधन: मूल विनियमावलीको विनियम ८१ को,-

(१) उपविनियम (५) को सट्टा देहायको उपविनियम (५) राखिएको छ:-

"(५) यस विनियम बमोजिम छनौट भएको प्रस्तावदातासँग वार्ता गर्नु पर्ने भएमा कोषको विभाग वा कार्यालयले प्रस्ताव छनौट भएको सात दिन भित्र त्यस्तो प्रस्तावदातालाई मिति, समय र स्थान खोली वार्ता गर्न आउन सूचना दिनु पर्नेछ।"

(२) उपविनियम (५) पछि देहायका उपविनियम (६), (७) र (८) थपिएका छन:-

"(६) उपविनियम ५ बमोजिम प्रस्तावदातालाई वार्ताको लागि बोलाउँदा राष्ट्रियस्तरको प्रस्ताव भए सात दिन र अन्तर्राष्ट्रियस्तरको प्रस्ताव भए पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(७) खरिद ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिनभित्र सम्झौताको कुल रकम समेट्ने गरी कोषलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायविलिटी इन्सोरेन्स) पेश गर्नु पर्नेछ।

(८) यस विनियमावली बमोजिम सम्झौता गर्ने परामर्शदाताले उपविनियम (७) बमोजिमको म्यादभित्र पेशागत दायित्व बीमा दाखिला नगरेमा कोषले त्यस्तो खरिद सम्झौताको अन्त्य गरी निजलाई कालोसूचीमा राख्न सम्बन्धित निकायमा सिफारीस गर्नु पर्नेछ।"

२२. <u>मूल विनियमावलीमा विनियम ८१ख. मा संशोधनः</u> मूल विनियमावलीको विनियम ८१ख. को,-

(१) उपविनियम (१) मा रहेका "तीन लाख सम्मको हकमा नायब प्रमुख कार्यकारी अधिकृतले र सो भन्दा माथि पाँच लाख रुपैयाँसम्मको हकमा प्रमुख कार्यकारी अधिकृतले" भन्ने शब्दहरूको सट्टा "पाँच लाख रुपैयाँसम्मको हकमा नायब प्रमुख कार्यकारी अधिकृतले र सो भन्दा माथि बीस लाख रुपैयाँसम्मको हकमा प्रमुख कार्यकारी अधिकृतले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपविनियम (२) मा रहेका "तीन लाख भन्दा माथि पाँच लाख रुपैयाँसम्मको" भन्ने शब्दहरूको सट्टा "पाँच लाख भन्दा माथि बीस लाख रुपैयाँसम्मको" भन्ने शब्दहरू राखिएका छन्।

२३. <u>मूल विनियमवालीमा विनियम ८१ग. थपः</u> मूल विनियमावलीको विनियम ८१ख. पछि देहायको विनियम ८१ग. थपिएको छः-

"८१ग. <u>अन्य विधिः</u> देहायको अवस्थामा कुनै परामर्शदातालाई विशेषज्ञता र योग्यताका आधारमा नियुक्त गर्न सकिनेछः-

(क) कुनै काम गर्न उच्चस्तरको विशेषज्ञता आवश्यक परेमा,

(ख) परामर्श छोटो समयको लागि आवश्यक परेमा वा परामर्शदाता नियुक्त गर्ने समय न्यून भएमा,

(ग) आवश्यक कार्य सम्पन्न गर्न केही परामर्शदाता मात्र योग्य भएमा,

(घ) परामर्शदताको छनौट गर्न धेरै समय लाग्ने भई समय अपर्याप्त भएमा।"

२४. <u>मूल विनियमावलीको विनियम ८२ मा संशोधनः</u> मूल विनियमावलीको विनियम ८२ को,-

(१) उपविनियम (४) मा रहेका "पाँच सय" भन्ने शब्दहरूको सट्टा "एक हजार" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपविनियम (१२) मा रहेका "दश प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पाँच प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपविनियम (१४) झिकिएको छ।

२५. <u>मूल विनियमावलीको विनियम ८३ मा संशोधनः</u> मूल विनियमावलीको विनियम ८३ को,-

(१) उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छः-

"(१क) खरिद ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपविनियम (४) को अधीनमा रही देहायको सीमा नढ्ने गरी सोझै खरिद गर्न सकिनेछः-

(क) दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान,

(ख) पाँच लाख रुपैंयासम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा,

(ग) कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेन्टरबाट गरिने सवारी साधन, मेशिनरी, औजार, ईलेक्ट्रिक डिभाइसको पाँच लाख रुपैयाँसम्मको मर्मत सम्भार।"

(२) उपविनियम (१क) को सट्टा देहायको उपविनियम (१क) राखिएको छ:-

"(१क) यस विनियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा उत्पादित पच्चीस लाख रुपैयाँसम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी तोकेको बिक्रि मूल्यमा सोझै खरिद गर्न सक्नेछ। यसरी खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नु पर्नेछ।"

(३) उपविनियम (१क) पछि देहायको उपविनियम (१ख) थपिएको छ:-

"(१ख) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषले अन्तर्राष्ट्रियस्तरको सम्मेलन, गोष्ठी वा सेमिनार आयोजना गर्दा त्यस्तो कार्यक्रममा सहभागी विदेशी पाहुनालाई अतिथ्यता र होटलबास सुविधाको लागि बीस लाख रुपैयाँसम्म सोझै खरिद गर्न सकिनेछ।"

(४) उपविनियम (२) मा रहेका "एक पटक भन्दा बढी" भन्ने शब्दहरू झिकिएका छन्।

(५) उपविनियम (४ग) पछि देहायको उपविनियम (४घ) थपिएको छ:-

"(४घ) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वदेशी घरेलु उद्योग भनी तोकिदिएको घरेलु उद्योगबाट उत्पादित पच्चीस लाख रुपैयाँसम्मको मालसामान कोषले त्यस्तो घरेलु उद्योगसँग खरिद सम्झौता गरी सोझै खरिद गर्न सक्नेछ।"

(६) उपविनियम (५) पछि देहायका उपविनियम (५क), (५ख) र (५ग) थपिएका छन:-

"(५क) कोषले अर्को कुनै सार्वजनिक निकायबाट उत्पादित वा वितरीत कुनै मालसामान वा सेवा खरिद गर्नु परेमा त्यस्तो मालसामान वा सेवा उत्पादन वा वितरण गर्ने सार्वजनिक निकायको अधिकारीबाट निर्धारित विक्रि मूल्यमा सोझै खरिद गर्न सक्नेछ।

(५ख) कोषले कुनै अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायसँग कुनै मालसामान खरिद गर्नु पर्दा त्यस्तो संस्था, सरकार वा निकायबाट निर्धारित बिक्रि मूल्यमा सोझै खरिद गर्न सक्नेछ।

(५ग) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले उपविनियम (५क) र (५ख) बमोजिम खरिद गर्नु पर्दा कुनै जमानत माग गर्नु पर्ने छैन।"

२६. मूल विनियमावलीको विनियम ८७ मा संशोधन: मूल विनियमावलीको विनियम ८७ को सट्टा देहायको विनियम ८७ राखिएको छ:-

"८७. रकमको हदः खरिद ऐनको दफा ४७ को उपदफा (८) को प्रयोजनको लागि दुई करोड रुपैयाँसम्मको लागि प्रमुख कार्यकारी अधिकृत समक्ष र सो भन्दा बढि रकमको खरिद कारबाहीको लागि विनियम ९० बमोजिमको प्रक्रिया पूरा गरी पूनरावलोकन समिति समक्ष निवेदन दिन सक्नेछ।"

२७. मूल विनियमावलीको विनियम ८९ मा संशोधनः मूल विनियमावलीको विनियम ८९ को,-

(१) उपविनियम (१) को सट्टा देहायको उपविनिय (१) राखिएको छः-

"(१) निवेदन दिने निवेदकले बोलपत्र वा प्रस्तावमा आफूले कबोल गरेको रकमको एक प्रतिशतले हुन आउने रकम बराबरको नगद रकम वा कम्तीमा नब्बे दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्नेछ।"

(२) उपविनियम (१) पछि देहायको उपविनियम (१क) राखिएको छः-

"(१क) पुर्वयोग्यता वा प्राविधिक प्रस्ताव जस्ता मुल्य नखुल्ने प्रकृतिका प्रस्तावको मूल्याङ्कन उपर पुनरावलोकन समिति समक्ष निवेदन दिनु पर्दा पूर्व योग्यता प्रस्तावको हकमा विनियम ५३ को उपविनियमको (१) को प्रतिबन्धात्मक वाक्याँशको अधीनमा रही तोकिएको एकमुष्ट रकम र प्राविधिक प्रस्तावको हकमा बोलपत्र जमानतको दश प्रतिशतले हुने रकम बराबर जमानत राख्नु पर्नेछ।"

२८. मूल विनियमावलीको विनियम ९० मा संशोधनः मूल विनियमावलीको विनियम ९० को उपविनियम (२) पछि देहायको उपविनियम (३) थपिएको छः-

"(३) उपविनियम (१) बमोजिम कोषले पुनरावलोकनको निवेदन परेको जानकारी प्राप्त गरेपछि पुनरावलोकन समितिले निर्णय नदिएसम्म खरिद सम्झौता रोक्का राख्नु पर्नेछ।"

२९. मूल विनियमावलीको विनियम ९७ मा संशोधनः मूल विनियमावलीको विनियम ९७ को,-

(१) उपविनियम (१) मा रहेका "दश लाख रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपविनियम (४) पछि देहायको उपविनियम (४क) थपिएको छः-

"(४क) परामर्श सेवा खरिदमा परामर्शदाताले सम्झौता गरेको तीस दिनभित्र सम्झौताको कुल रकमको सबै किसिमको जोखिम व्यहोर्ने गरी कोषलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) गराउनु पर्नेछ।"

३०. मूल विनियमावलीको विनियम १०१ मा संशोधनः मूल विनियमावलीको विनियम १०१ को,-

(१) उपविनियम (२) पछि देहायको उपविनियम (२क) थपिएको छः-

"(२क) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कोषले उपविनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेछ।"

(२) उपविनियम (३) पछि देहायको उपविनियम (४) राखिएको छः-

"(४) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निमार्ण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्नु हुदैन।"

३१. मूल विनियमावलीको विनियम १०३ मा संशोधन: मूल विनियमावलीको विनियम १०३ को उपविनियम (३) मा रहेका "दश प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पच्चीस प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

३२. मूल विनियमावलीको विनियम १०८ मा संशोधनः मूल विनियमावलीको विनियम १०८ को उपविनियम (२क) झिकि देहायका उपविनियम (३) र (४) थपिएका छनः-

"(३) उपविनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण कार्यको कम्तीमा असी प्रतिशत काम सम्पन्न गरेको सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालू अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा विनियम ९५ को उपविनिय (२) बमोजिम राखिएको रिटेन्सन मनी बापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ताको माग गरेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सकिनेछ । यसरी रिटेन्सन मनी फिर्ताको लागि पेश गरिने बैंक जमानतको म्याद त्रुटि सच्याउने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्नेछ।

(४) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संयुक्त उपक्रमको हकमा रिटेन्सन मनि भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भए पछि भुक्तानी दिइनेछ।"

३३. मूल विनियमावलीको विनियम ११३ मा संशोधन: मूल विनियमावलीको विनियम ११३ को सट्टा देहायको विनियम ११३ राखिएको छः-

"११३. आपसी सहमतिमा विवाद समाधान गर्नु पर्ने: कोष र निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाता बीच खरिद सम्झौता कार्यान्वयनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी सहमतिमा समाधान गर्नु पर्नेछ।"

३४. मूल विनियमावलीको विनियम ११९ मा संशोधन: मूल विनियमावलीको विनियम ११९ को सट्टा देहायको विनियम ११९ राखिएको छः-

"११९. मध्यस्थको माध्यमद्वारा विवाद समाधान गर्नेः विनियम ११३ बमोजिमको प्रक्रियाद्वारा खरिद सम्झौता कार्यान्वयनको विषयमा कोषमा र निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबिच उत्पन्न भएको विवाद आपसी सहमतिबाट समाधान हुन नसकेमा प्रचलित कानुन बमोजिम मध्यस्थताको माध्यमबाट त्यस्तो विवाद समाधान गर्ने कारबाही शुरु गर्नु पर्नेछ।"

३५. मूल विनियमावलीको विनियम १२१ मा संशोधनः मूल विनियमावलीको विनियम १२१ को सट्टा देहायको विनियम १२१ राखिएको छः-

"१२१. खरिद सम्झौताको सार्वजनिक सूचनाः (१) खरिद सम्झौता सम्पन्न भएको तीन दिन भित्र देहायको लागत अनुमान भएको खरिदको सम्बन्धमा सम्झौताकर्ताको नाम, ठेगाना, सम्झौता बमोजिमको कार्य, उद्देश्य, रकम, अवधि लगायत अन्य आवश्यक विवरण सहितको सूचना कोषले आफ्नो सूचना पाटीमा टाँस गर्ने र आफ्नो वेवसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछः-

(क) बीस लाख रुपैयाँभन्दा बढीको अन्य सेवा र मालसामान,

(ख) बीस लाख रुपैयाँभन्दा बढीको परामर्श सेवा,

(ग) दुई करोड रुपैयाँभन्दा बढीको सार्वजनिक निर्माण।

(२) कोषले उपविनियम (१) बमोजिमको सूचनामा बोलपत्र वा परामर्श सेवा मूल्याङ्कन परिणामको अतिरिक्त बोलपत्र, प्रस्ताव वा सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना प्रकाशन भएको मिति, समाचारपत्रको नाम, सूचना संख्या, खरिदको विषय, सम्झौता गर्ने बोलपत्रदाता, प्रस्तावदाता वा सिलबन्दी दरभाउपत्रदाताको नाम, ठेगाना र सम्झौताको मूल्य खुलाउनु पर्नेछ।"

३६. मूल विनियमावलीको विनियम १३० मा संशोधनः मूल विनियमावलीको विनियम १३० को,-

(१) उपविनियम (३) मा रहेका "तीन वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "सात वर्षसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपविनियम (४) पछि देहायका उपविनियम (५), (६), (७) र (८) थपिएका छनः-

"(५) उपविनियम (४) बमोजिम अभिलेख राख्दा त्यस्तो सम्पत्तिको मूल्य पचास लाख रुपैयाँभन्दा बढी रहेछ भने सो सम्पत्तिको मुल्य, ह्रास कट्टी र मर्मत सम्भार खर्च सहितको विवरण खुलाउनु पर्नेछ।

(६) कोषले निर्माणसँग सम्बन्धित खरिद सम्झौता गरेपछि सोको संक्षिप्त विवरण प्रमाणित गरी विद्युतीय प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(७) उपविनियम (६) बमोजिम विद्युतीय प्रणाली तयार नभएसम्मको लागि कोषले उपविनियम (६) बमोजिमको विवरण आफ्नो कार्यालयमा अभिलेख राख्नु पर्नेछ।

(८) कोषले बोलपत्रको माध्यमबाट गरिने खरिद कार्यको सम्झौता कार्यान्वयन भइसकेपछि सो कार्य सम्पन्न भएको संक्षिप्त विवरण प्रमाणित गरी कोषको वेबसाइटमा राखी सार्वजनिक गर्नु पर्नेछ।"

३७. मूल विनियमावलीमा विनियम १३०क. थपः मूल विनियमावलीमा विनियम १३०क. थपिएको छः-

"१३०क. सूचीकृत व्यक्तिलाई प्राथमिकता दिनेः सम्बन्धित निर्माण व्यवसायीले निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम रोजगार सेवा केन्द्रमा सूचीकृत भएका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।"

३८. मूल विनियमावलीको विनियम १५३क. मा संशोधनः मूल विनियमावलीको विनियम १५३क. को,-
(१) उपविनियम (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर प्रमुख कार्यकारी अधिकृतको स्वीकृति बिना नयाँ बैंक खाता खोल्न पाइने छैन।"

(२) उपविनियम (३) झिकिएको छ।

३९. मूल विनियमावलीको विनियम १५८ मा संशोधनः मूल विनियमावलीको विनियम १५८ को सट्टा देहायको विनियम १५८ राखिएको छः-

"१५८. जिन्सी मालसामानको स्रेस्ताः जिन्सी मालसामानको स्रेस्ता प्रचलित ढाँचामा तयार गरी प्रत्येक तीन महिनामा अद्यावधिक राख्नु पर्नेछ।"

४०. मूल विनियमावलीको विनियम १६५ मा संशोधनः मूल विनियमावलीको विनियम १६५ मा रहेका "बाँकी पेश्की रकममा" भन्ने शब्दहरूको सट्टा "खर्च भई बाँकी रहेको पेश्की रकममा" भन्ने शब्दहरू राखिएका छन्।

४१. मूल विनियमावलीको विनियम १७९ मा संशोधनः मूल विनियमावलीको विनियम १७९ को,-

(१) विनियम शीर्षक पछि रहेका "कर्मचारीको दैनिक, भ्रमण, तालिम, लुगा भत्ता तथा भैपरी आउने" भन्ने शब्दहरूको सट्टा "अध्यक्ष, सञ्चालक, अन्य पदाधिकारी तथा कर्मचारीको दैनिक, भ्रमण, तालिम तथा भैपरी आउने" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) राखिएको छः-

"(घ१) टिकट फिर्ता गर्नु पर्ने वा हवाई उडानको मिति तय भएकोमा सो परिवर्तन भई सो दिन उडान नभएमा सम्बन्धित निकायबाट प्रमाणित गराई त्यस्तो पदाधिकारी वा कर्मचारीले ट्याक्सी, रिक्सा, बस भाडाको रकम कार्यालयबाट लिन पाउनेछ।"

(३) खण्ड (ङ) को अन्त्यमा देहायको वाक्यांश थपिएको छः-

"सरुवा भई जाने कर्मचारीलाई फुटकर खर्च बापत एकमुष्ट दुई हजार रूपैयाँ दिइनेछ।"

(४) खण्ड (ड) मा रहेका ", लुगा भत्ता" भन्ने शब्दहरू झिकिएका छन्।

(५) खण्ड (द), (ध), (न) र (प) झिकिएका छन्।

४२. मूल विनियमावलीको विनियम १८० मा संशोधनः मूल विनियमावलीको विनियम १८० मा रहेका "पदाधिकारी वा कर्मचारीसँग सयकडा १० प्रतिशत व्याजका दरले" भन्ने शब्दहरूको सट्टा "पदाधिकारी वा कर्मचारीसँग खर्च भई बाँकी रहेको रकममा सयकडा दश प्रतिशत व्याजका दरले" भन्ने शब्दहरू राखिएका छन्।

४३. मूल विनियमावलीमा १८५क.थपः मूल विनियमावलीको विनियम १८५ पछि देहायको विनियम १८५क. थपिएको छः-

"१८५क. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः समितिले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

तर अनुसुची-९, १०, ११ र १२ हेरफेर तथा थपघट गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।"

४४. मूल विनियमावलीमा रूपान्तरः मूल विनियमावलीको ठाउँ ठाउँमा रहेका "नेपाल अधिराज्य" भन्ने शब्दहरूको सट्टा "नेपाल", "दैनिक तथा भ्रमण भत्ता" भन्ने शब्दहरूको सट्टा "दैनिक भत्ता तथा भ्रमण खर्च" भन्ने शब्दहरू र "क्षेत्रीय कार्यालय" भन्ने शब्दहरूको सट्टा "शाखा कार्यालय" भन्ने शब्दहरू राखिएका छन्।

४५. मूल विनियमावलीको अनुसूचीमा संशोधनः मूल विनियमवालीको,-

(१) अनुसूची-११ मा रहेका "दैनिक भ्रमण भत्ता" भन्ने शब्दहरूको सट्टा "दैनिक भत्ता" भन्ने शब्दहरू राखिएका छन्।

(२) अनुसूची-१२ को,-

(१) तालिकाको अन्तिम स्तम्भमा रहेको "लुगा भत्ता (एक मुष्ठ)" भन्ने शीर्षक र सो शीर्षक अन्तर्गतको स्तम्भ झिकिएको छ।

(२) नोट अन्तर्गतको क्रमसंख्या २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) बिदेशी मुलुकमा तालीम, गोष्ठी वा अध्ययन भ्रमणमा जाने कर्मचारीको निमित्त सम्बन्धित आयोजक संस्थाले होटल बास खर्च व्यहोरेको वा होटल बास खर्चको बील कर्मचारी स्वयंले तिरी बील कोषमा पेश गरेको अवस्थामा निज कर्मचारीले सो मुलुकमा पाउने दैनिक भत्ताको पचास प्रतिशतले हुने रकम खाना खर्च वापत निजलाई प्रदान गरिनेछ। यसरी होटल खर्च वापतको रकम कोषले व्यहोरेको अवस्थामा निज कर्मचारीलाई सो अवधिभरको दैनिक भत्ता दिइने छैन।"

४६. खारेजीः मूल विनियमावलीको,-

(१) विनियम ११४, ११५, ११६, ११७ र ११८ खारेज गरिएका छन्।

(२) परिच्छेद-१३ खारेज गरिएको छ।